आज मिति २०८३/०१/०४ गते विहान ८ बजे यस औरही नगरपालिका अन्तर्गत गठित स्थानीय तह राजश्व परामर्श समितिको वैठक समितिको संयोजक श्री रेणु झा ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति :**

श्री रेणु झा (नगर उपमेयर) -संयोजक

श्री सुशील प्रसाद अचार्य (प्रमुख प्रशासकीय अधिकृत) -सदस्य

श्री रधुन्नदन चौधरी (वडा नं.९ अध्यक्ष) -सदस्य

श्री हिरा कुमारी महरा (का. पा. सदस्य) -सदस्य

श्री संजय मण्डल (औरही उ. बा.संघ प्रतिनिधी -सदस्य

श्री दिपेन्द्र कुमार सिँह ( राजस्व शाखा प्रमुख ) -सदस्य सचिव

**आमान्त्रति :**

नगर प्रमुख श्री प्रदिप कुमार खड्का

**प्रस्तावहरु :**

१. विगत तीन आ. व. को चैत्र मसान्त सम्म संकलन राजश्वको समिक्षा सम्बन्धमा ।

२. पुर्वारी पोखरी र पश्चिमवारी पोखरीको ठेकदारले पत्र नबुझेको सम्बन्धमा ।

३. बाबाकुट्टी पोखरी र चेपकट पोखरीको ठेकदार सम्पर्कमा नआएको सम्बन्धमा ।

४. आ.व. २०८३/०८४ को लागी करका दरहरु निर्धारण सम्बन्धमा ।

५. हाल वहालमा नरहेका पोखरीहरुको दुई पटक सुचना गर्दा समेत ठेक्का नलागेको सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगत तीन आ.व.को चैत्र मसान्त सम्म संकलन भएको राजस्वको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा दुबै ठेकदारलाई प्रचलित कानुन बमोजिम अन्य तरिकाले स्याद तामिल गर्न राजस्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा बाबाकुट्टी पोखरी र चेपकट पोखरीको ठेक्का रद्द गरि असुल प्रकृया अगाडी बढाउने निर्णयार्थ अगामि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को लागि आ.व. २०८२/०८३ को करका दरहरुमा पर्नावलोकन गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वहालमा नरहेको पोखरीहरुको दुई पटक सुचना गर्दा समेत वहालमा नलागेको हुनाले अगामि कार्यपालिका बैठकमा पेश गर्ने र बैठकबाट भएको निर्देशन अनुसार प्रकृया अगाडी बढाउने निर्णय गरियो ।